पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

प्रतिलिपी
२०७६।१।१०
निमित्त प्रमुख प्रशासकिय अधिकृत

२०७५।१२।२८

**बैठक एजेण्डा**

१) चालु आ.व.२०७५/०७६ मा संचालन भई रहेका योजना
२) कृषि उपज संकलन केन्द्र
३) न.पा.को आवधिक योजना
४) अपाङता भएका व्यक्तिको परिचयपत्र दिन समितिमा १ जना कार्यपालिका महिला सदस्य पठाउने
५) विस्तृत परियोजनाको नाम परिवर्तन गर्ने
६) उद्यमशिलता सम्बन्धी कार्यक्रम
७) सतौ चण्डीस्थान मन्दिर पुजा र पुजारी
८) घ वर्गको निमार्ण व्यवसायी ईजाजत
९) युवा क्लब गठन
१०) ट्राफिक कार्यालय
११) भेण्डिङ मेसिन
१२) गौतमडाँडा खानेपानी योजना /लाम्पाटा खानेपानी मर्मत
१३) रामकोश फुलवारी मा.वि.शौचालय मर्मत
१४) ५० प्रतिशत अनुदानको रकम अनुमोदन
१५) सार्वजनिक शौचालयको अनुमोदन
१६) नीजि शौचालय
१७) कानूनी परामर्श सेवा
१८) ट्रेड युनियन तालिम

**निर्णय नं १**

नगर सभावाट पारित भई चालु आ.व.२०७५/०७६ मा संचालन भई रहेका योजनाहरु कतिपय योजनाहरु सम्झौता भई कार्यान्वयनमा समस्या भएका , कतिपय योजनाहरु विविध कारणले सम्झौता हुन बाँकी रहेकोले त्यस्ता योजनाहरु परिवर्तन गरी संचालन गर्न आवश्यक देखिएमा २०७६ वैशाख पहिलो हप्ता भित्र सवै वडावाट शिफारिस सहित पेश गर्ने र प्रमुखवाट परिवर्तन गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

यस नगरपालिकाको वडा नं १ मा वालमन्दिर अगाडी टुडिखेलको नाममा रहेको कि.नं १६५५ क्षेत्रफल ३-११-०-० जग्गामा कृषि उपज संकलन केन्द्र , निर्माण गर्ने गरी प्रदेश सरकार,भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

नगरपालिकाको आवधिक योजना निर्माणको लागि तेस्रो नगर सभावाट वजेट समेत विनियोजन भई सकेकोले उक्त कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं ४**

अपाङता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधी,२०७५ को दफा ५(३) बमोजिमको समन्वय समितिमा कार्यपालिकाले तोकेको एक जना महिला कार्यपालिका सदस्य **सदस्य** रहने व्यवस्था भएकोले उक्त समितिमा कार्यपालिका सदस्य सिता भुजेललाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरपालिकाको तेस्रो नगर सभावाट पर्यटन विकास तथा प्रवर्द्धन शिर्षकमा विनियोजित रकम रु १५,००,०००। ( पन्द्र लाख) सतौ चण्डीकालिका मन्दिर क्षेत्र,भालुपहाड,त्रिवेणी धाम र वाचपुर चण्डीस्थानको विस्तृत परियोजना प्रस्ताव तयार गर्ने भनि २०७५ कार्तिक २९ गते निर्णय भएकोमा वाचपुर चण्डीस्थान भन्दा वडा नं ७ मा बौद्ध स्तुपा निर्माणको लागि को विस्तृत परियोजना आवश्यक भएकोले वाचपुर चण्डीस्थानको सट्टा वडा नं ७ को बौद्ध स्तुपा निर्माणको विस्तृत परियोजना प्रस्ताव प्रतिवेदन तयार गर्ने र रकम वच्ने भएमा वाचपुर चण्डीस्थानको समेत विस्तृत परियोजना प्रस्ताव प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

प्रतिलिपी
२०७६।१।१०
निमित्त प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं ६**

उद्यमशिलता कार्यक्रमा तोक आदेश बमोजिम भएका देहाय बमोजिमका कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

१)उद्यमशिलता स्वरोजगार सम्बन्धी डकर्मी तालिम ,पुतलीवजार १ (नगरस्तरीय) रु ३,०७,००५।

२)उद्यमशिलता स्वरोजगार सम्बन्धी डकर्मी तालिम ,पुतलीवजार १२ रु २,९७,४८५।

३) उद्यमशिलता स्वरोजगार सम्बन्धी अचार वनाउने तालिम नमुना महिला संजाल रु ८०,०००।

४) उद्यमशिलता स्वरोजगार सम्बन्धी जडिबुटी तालिम नगर महिला सञ्जाल रु १,००,०००।

**निर्णय नं ७**

सतौ चण्डी स्थानमा कार्यरत पुजारीहरुको पारिश्रमिक तोक्ने सम्बन्धमा चण्डीकालिका सु व्यवस्था समितिको मिति २०७५ चैत्र २२ गतेको वैठकको निर्णय नं ३ मा *विगत देखि चण्डीकालिकामा वलिका टाउकाको टेक्कावाट आउने रकम को केही प्रतिशत रकम पुजारीहरले पाउने व्यवस्था हुँदै आएको हुँदा आ.व.२०७५/०७६ मा नगरपालिकावाट ठेक्का व्यवस्था भई रु १,९०,०००। (एक लाख नव्वे हजार) ठेक्का भई नगरपालिकामा दाखिला भै सकेको हुँदा ४० प्रतिशतले हुन आउने रु ७६,०००। छहत्तर हजार ) पुजारीहरुलाई उपलब्ध गराई दिन अनुरोध भै आएकोले* पुजारीहरुलाई रु ७६,०००। साथै चैते दशैं र सार्वजनिक (सात सय) पञ्चवली पुजाको लागि रु ८५,०००। गरी जम्मा रु १,६१,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८**

यस नगर कार्यपालिकामा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दर्ता गरी पाउन पुतलीवजार नगरपालिका वडा नं ३ मा ठेगाना भएको रुम अफ आर्किटेक्ट्स एण्ड सिभिल ईन्जिनियर्स प्रा.लि.ले आवश्यक कागजात सहित निवेदन पेश गरेको र पुतलीवजार नगरपालिका घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधी,२०७५ बमोजिम प्रक्रिया पुरा गरेको पाईएकोले उक्त प्रा.लि.लाई दर्ता अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

१६ वर्ष देखि २४ वर्ष उमेर समुहका युवाहरु सम्मिलित बीच युवा क्लब वनाई २०७६ वैशाख ५ भित्र नगर कार्यपालिकामा पठाउन वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

पुतलीवजार नगरपालिका वडा नं १ मा रहेको ट्राफिक प्रहरी कार्यालयका दुईवटा कोठा निर्माण सम्पन्न गरी यस नगरपालिकामा सहयोग माग भै आएको हुँदा लागत इष्टिमेट र विल भरपाई बढी आएता पनि दगरपालिकावाट रु १,००,०००। (एक लाख) मात्र कन्सीटेन्सी शिर्षकवाट खर्च लेख्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजनावाट प्राप्त सरसफाइ तथा स्वच्छता शिर्षकमा प्राप्त अनुदान रकमवाट Vanding machine खरिद गरी छात्राहरु पनि बढी भएको कारणले नमुना विद्यालय श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालयलाई उक्त मेसिन हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

पुतलीवजार नगरपालिका वडा नं ४ स्थित गौतमडाडा खानेपानी योजनालाई रु ६३,७९८।५८ ल.ई भई आएकोमा वडावाट रु २५,०००। छुट्याएको र श्रमदान १० प्रतिशतले हुने रु ६३७९। राख्न लगाई रु ३२४१६। (बत्तीस हजार चार सय सोह्र ) कन्टीजेन्सी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

त्यस्तै सोही वडाको लाम्पाटा खानेपानी योजना मर्मत गर्न रु ४३७९७।४५ ल.ई.आएकोमा १० प्रतिशत रु४३८०। श्रमदान वापत उपभोक्ताले व्यहोर्ने गरी रु ३९४१७।४५ (उनन्चालिस हजार चार सय सत्र रुपैया पैसा पैचालिस ) कन्टीजेन्सी शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

प्रतिलिपि
निमित्त प्रमुख प्रशासकीय अधिकृत
२०७६।१।१०

**निर्णय नं १३**

पुतलीवजार नगरपालिका वडा नं ४ मा रहेको रामकोश फुलवारी माध्यमिक विद्यालयको शौचालय मर्मतको लागि रु १,१६,०३३।३२ ल.ई.भई आएको जन श्रमदान वापत रु ९,६८२। गर्न लगाई रु १,०४,४२९।९९ (एक लाख चार हजार चार सय उनन्तीस रुपैया पैसा उनन्सय मात्र ) शौचालय शिर्षकमा विनियोजित रकमवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १४**

नगर प्रमुखवाटको तोक आदेश बमोजिम भुक्तानी भएका निम्न ५०/५० प्रतिशत साझेदारीका कार्यक्रमहरुको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

१) सामाग्रीचोक इन्द्रेस रानीस्वाँरा नुवाकोट सडक,पुतलीवजार ३ रु ५६,०००।
२) लाम्पाटा गुरास्ती ग्रामीण सडक,पुतलीवजार १३ रु २७८२७।
३) गुरास्ती गोरेटो वाटो ,पुतलीवजार १३ रु ७०,०००।
४) डाडाथर भित्री गोरेटो वाटो, ,पुतलीवजार १ रु ५०,०००।

**निर्णय नं १५**

सार्वजनिक शौचालय निर्माणको लागि प्रमुखको तोक आदेश बमोजिम भुक्तानी भएका निम्न शौचालयहरुको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

१) पुतलीवजार नगरपालिका वडा नं ७ को समाजघर शौचालयलाई रु ९५,०००।
२) पुतलीवजार नगरपालिका वडा नं १२ को पेल्काचौर सार्वजनिक शौचालयलाई रु ५०,०००।
३) पुतलीवजार नगरपालिका वडा नं १० लुम्धीको समाजघर शौचालयलाई रु २,५०,०००।

**निर्णय नं १६**

निम्न अनुसारका वडामा निम्न अनुसारका नीजि शौचालयको लागि रु १२,०००। ( वाह्र हजार ) दरले दिने निर्णय गरियो ।

| वडा नं | संख्या | वडा नं | संख्या | वडा नं | संख्या |
|---|---|---|---|---|---|
| २ | ५ | ३ | ५ | ४ | २० |
| ५ | ५ | ६ | ४ | ७ | ६ |
| ८ | ८ | ९ | ६ | १० | ४ |
| ११ | ५ | १२ | ७ | १३ | १५ |
| १४ | ३ | | | | |

**निर्णय नं १७**

सम्मानित सर्वोच्च अदालत, संबैधानिक ईजलाशमा पुतलीबजार नगरसभा, पुतलीबजार नगरपालिकाका प्रमुख, पुतलीबार नगरकार्यपालिका कार्यालयको शिक्षा शाखा वाडा नं १ समेतलाई विपक्षी बनाई यादव गिरीको छोरा स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं ९ बस्ने विघटित श्री त्रिभुवन आदर्श माध्यामिक विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष बर्ष ६४ का तुलसी गिरीको वारेश ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं ४ बस्ने बर्ष ४२ का अधिवक्ता सुमन कुमार के.सी. ले दायर गरेको मुद्धा नं ०७५–WC– ००२७ उत्प्रेषण, परमादेश समेतको मुद्धामा बहसपैरवी गर्न अधिवक्ता श्री महेन्द्रमान ब्यथितलाई कार्यपालिकाको बैठकवाट नियुक्ती गरिएकोमा निजलाई रु ५६,०००। (छपन्न हजार) परामर्श शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १८**

ट्रेड युनियनमा आधारित ज्ञान र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यान्वयन र चुनौती अभिमुखीकरण २ दिने तालिमको लागि नेपाल ट्रेड युनियन महासंघलाई रु १,५०,०००। (एकलाख पचासहजार) उद्यमशिलता सम्बन्धी विनियोजन भएको रकमवाट दिने निर्णय गरियो ।